नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## आन्तरिक प्रशासन शाखा

☎ ५३६२८०२
५३६२८६२
५३६२८९६

रामशाहपथ
काठमाडौं, नेपाल

प.सं. ०८२/८३/१/आ.प्र.
च नं 42

मितिः २०८२/०४/१९
नेपाल संवत् ११४५

श्री विभाग/अस्पताल/सचिवालय/प्रतिष्ठान,
केन्द्र/समिति/बोर्ड/परिषद् सवै, ।

**विषयः सूचना प्रणालीको प्रयोगकर्ता व्यवस्थापन सम्बन्धी सुझाव कार्यान्वयन सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.स.०८२/८३, च.नं. सू.प्र/५३४/२१२ मिति २०८२।०४।१४ को "सूचना प्रणालीको प्रयोगकर्ता व्यवस्थापन सम्वन्धी सुझाव कार्यान्वयन" विषयको पत्र यसैसाथ संलग्न छ । पत्रवाट व्यहोरा अवगत गरी कार्यान्वयन गर्नु/गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

विश्वबन्धु रेग्मी
शाखा अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको Website मा अपलोड गरिदिनु हुन ।

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं
दर्ता नं.:- ४२६३
दर्ता मिति:- २०८२।४।१५

प.सं. :- ०८२/८३
च.नं. :- सु.प्र./५३४//२१२

मिति :- वि.सं. २०८२/०४/१४

विषयः सूचना प्रणालीको प्रयोगकर्ता व्यवस्थापन सम्वन्धित सुझाव कार्यान्वयन सम्वन्धमा ।

श्री सबै मन्त्रालय/आयोग/ सचिवालय,

उपर्युक्त सम्वन्धमा सेवा प्रवाहमा डिजिटल प्रणाली प्रयोगमा ल्याएका कार्यालयहरुमा प्रयोगकर्ता कर्मचारीहरुको युजर आईडी र पासवर्ड (User ID and Password) को दुरुपयोगबाट हुने जोखिम न्यूनीकरण गर्ने सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०८२/०४/०६, च.नं. १२६७ को पत्र बाट प्राप्त देहाय अनुसारको सुझावको कार्यान्वयन तहाँ मन्त्रालय र अन्तर्गतका निकायमा समेत गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ । साथै सो को अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्ने व्यहोरा समेत आदेशानुसार अनुरोध छ ।

देहाय

"नेपाल सरकार तथा विभिन्न सार्वजनिक निकायहरुमा प्रयोग भइरहेका विद्युतीय प्रणाली तथा व्यवस्थापन सूचना प्रणालीमा आधिकारिक पहुँच भएका प्रयोगकर्ताहरुको सरुवा, अवकाश वा जिम्मेवारी परिवर्तन हुँदा समेत जिम्मेवारीमा रहँदा प्रयोग गरेको युजर आईडी र पासवर्ड (User ID & Password) प्रयोग गरी सरकारी प्रणालीको दुरुपयोग हुने गरेको अनुसन्धानबाट देखिएको सन्दर्भमा सरकारी विद्युतीय प्रणालीलाई सुरक्षित, भरपर्दो वनाउन जिम्मेवारी लिंदा त्यस्ता आईडी र पासवर्ड लिखित रुपमा बुझेर लिने, कार्यरत अवधिमा त्यस्ता युजर आईडीको दुरुपयोग भएमा जिम्मा लिने राष्ट्रसेवक नै जिम्मेवार हुने र कुनै किसिमले आफ्नो जिम्मेवारीवाट अलग हुँदा, सरुवा, अवकाश हुँदा ती आईडीको बरबुझारथ गरी जिम्मेवारीवाट अलग भएको एकीन भए मात्र रमाना, अवकाश लगायतका- आधिकारिक पत्र जारी गर्ने व्यवस्था मिलाउनु हुन"

..............................
(विनय सुवेदी)
कम्प्युटर इन्जिनियर

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग , टंगाल, काठमाण्डौ ।
श्री मुख्यसचिवज्यूको सचिवालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं